बैठक संख्याः-४४

आज मिति २०८० साल माघ १२ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. का.बा.वडा अध्यक्ष | श्री योगचन्द्र आङबुहाङ | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्ष्मिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिब्रा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतवन्धु राजवंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना वि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो।

**निर्णय नं.२-** "घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रक्रिया पुगी आएका देहायका फर्महरुलाई **बिर्तामोड नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५** को दफा २ बमोजिम निर्माण सम्बन्धी कार्य गर्न ईजाजत स्वीकृत दिने निर्णय गरियो।

**देहाय**

१. शिव शिवालय कन्ट्रक्सन प्रा.लि. बि.न.पा ४ झापा।
२. आर. सी. निर्माण सेवा प्रा.लि. बि.न.पा ३ झापा।
३. चोमोलुङमा मल्टिप्रपोज कम्पनी प्रा.लि. बि.न.पा ५ झापा।

**निर्णय नं.३-** दोस्रो नगरसभाको चौथो अधिवेशन आगामी मिति २०८०।१०।२८ गते आइतबार बिहान ८ बजे बिर्तामोड नगरपालिका वडा नं. ७ स्थित शहिद नेत्र पार्कमा आयोजना गर्ने निर्णय गरियो।

**निर्णय नं.४-** बिर्तामोड नगरपालिका वडा नं ३ मा रहेको डोमालाल राजवंशी रंगशाला निर्माणका लागि १ अर्ब १२ करोड ६५ लाख २६ हजार १ सय २५ रुपैया पैसा ९२ बरारबरको विस्तृत परियोजना प्रस्ताव DPR स्वीकृत गरि DPR अनुसार रंगशाला निर्माणका लागि नेपाल सरकार युवा तथा खेलकुद विकास मन्त्रालयमा योजना माग गर्ने निर्णय गरियो।

**निर्णय नं.५-** आगामी आ.ब. ०८१/८२ का लागि प्राथमिकताका आधारमा देहाय अनुसारका योजना नेपाल सरकार सडक बोर्डसँग माग गर्ने निर्णय गरियो।

१. बिर्तामोड न.पा. ५ शनिश्चरे रोडबाट पश्चिम अतिथी सदन जाने सडक मर्मत
२. राजेन्द्र थापाकोघरबाट कृष्णहल हुदै पूर्व पश्चिम महेन्द्र राजमार्ग जोड्ने सडक मर्मत

**निर्णय नं.६-** बिर्तामोड नगरपालिका वडा नं ७ मा रहेको शहिद नेत्रपार्कको संरक्षण एवं प्रवर्द्धनका लागि सरसफाई तथा श्रमदान अभियानकै रुपमा सञ्चालन गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं.७-** यस बिर्तामोड नगरपालिकामा रहेका तपशिल बमोजिमका सवारी साधनहरुको भाडा दर(ईन्धन बाहेकको) तपशिल बमोजिम हुने र अन्य सवारीको हकमा साबिक बमोजिम नै हुने निर्णय गरियो।

**तपशिल**

१. ग्रेडर- प्रतिघण्टा रु २०००।-(ईन्धन बाहेक)

२. रोलर - प्रतिघण्टा रु १५००।-(ईन्धन बाहेक)

३. पानी ट्याङ्कर-प्रतिदिन रु. ६०००।-(ईन्धन बाहेक)

१) **निर्णय नं.८-** बिर्तामोड नगरपालिकाको समेत शेयर लगानी रहेको कन्काई बिर्ता अर्जुन नवीकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनी लि.मा बिर्तामोड नगरपालिकाको तर्फबाट गरिनु पर्ने शेयर लगानी रकम मध्ये भुक्तानी हुन बाँकी रहेको शेयर बापत रकम चालु आ.ब. भित्रै भुक्तानी गर्ने निर्णय गरियो

**निर्णय नं ९- (विविध)**

**क)** बिर्तामोड नगरपालिकाको जेसिभी चालक राजुमान लिम्बु बिरामी भई उपचारका लागि रकम रु.२०,०००।- बीस हजार दिने गरी नगर प्रमुखज्यूबाट मिति २०८०।१०।०२ गते भएको निर्णय अनुमोदन गरियो।

**ख)** बिर्तामोड नगरपालिकाको नगर प्रहरी राधा सुवेदीको पायल्स अप्रेसन तथा उपचारका लागि रकम रु.५०,०००।- पचास हजार दिने गरी नगर प्रमुखज्यूबाट मिति २०८०।०८।०६ गते भएको निर्णय अनुमोदन गरियो।

CamScanner